# नेपाल राजपत्र

## भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड २३] काठमाडौं, आषाढ १ गते २०३० साल [अतिरिक्ताङ्क १५ (ख)

### राष्ट्रिय पञ्चायत सचिवालय

#### राष्ट्रिय पञ्चायतका समितिहरूको (दोश्रो संशोधन) नियमावली, २०३०

राष्ट्रिय पञ्चायतका समितिहरूको नियमावली, २०२४ (यस नियमावलीमा यस पछि मूल नियमावली भनिएको) मा संशोधन गर्न वान्छनीय भएकोले,

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट नेपालको संविधानको धारा ४१ क बमोजिम देहायका नियमहरू बनाइबक्सेको छ --

१. संक्षिप्त नाम र प्रारम्भः-- (१) यस नियमावलीको नाम "राष्ट्रिय पञ्चायतका समितिहरूको (दोश्रो संशोधन) नियमावली, २०३०" रहेको छ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. मूल नियमावलीको नियम ४ मा संशोधनः– मूल नियमावलीको नियम ४ को खण्ड (ङ) पछि देहायका खण्ड (च) र (छ) थप्ने –

"(च) राष्ट्रिय पञ्चायतले पठाएको विधेयकमाथि विचार गर्ने ।

(छ) श्री ५ बाट तोकिबक्सेको वा राष्ट्रिय पञ्चायतले वा निर्देशक समितिले सुम्पेको अन्य कुनै विषयको काम सम्पन्न गर्ने ।"

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

३. मूल नियमावलीको नियम ७ मा संशोधनः– मूल नियमावलीको नियम ७ को उप–नियम (१) को सट्टा देहायको उप–नियम (१) र (२) राखी साविकको उप–नियम (२) लाई उप–नियम (३) मा राख्ने–

"(१) राष्ट्रिय पञ्चायतको अधिवेशन कालमा समितिहरूका बैठकहरू बस्न सक्नेछन् ।

(२) राष्ट्रिय पञ्चायतमा प्रतिवेदन पेश गर्न राष्ट्रिय पञ्चायतको अधिवेशन शुरु हुनुभन्दा साधारणतः १५ दिन अगावैदेखि समितिहरूको बैठक बस्नेछन् ।

तर–

राष्ट्रिय पञ्चायतका अध्यक्षले आवश्यक ठानेमा सभापतिलाई बैठक बोलाउन निर्देश गर्न सक्नेछ र त्यस्तो निर्देशन पाएपछि सभापतिले बैठक बोलाउन पर्नेछ ।

(३) समितिको बैठक सभापतिले वा सभापतिको अनुपस्थितिमा उप–सभापतिले तोकिएको दिन र समयमा बस्नेछ ।"

आज्ञाले–
जंगबहादुर चन्द
राष्ट्रिय पञ्चायतको सचिव

श्री ५ को सरकारको छापाखानामा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ। १८०